# मिति २०८२/०४/०५ को कार्यालय प्रमुखहरुको बैठका निर्णयहरुः-

१) जिल्ला स्थित सबै सरकारी कार्यालय तथा निकायमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुले कार्यसम्पादन मूल्याङ्कन फारम तथा सम्पत्ति विवरण भरी तोकिएको समयभित्र सम्वन्धित निकायमा पेश गर्ने।

२) जिल्ला स्थित सबै सरकारी कार्यालय तथा निकायहरुले बार्षिक प्रतिवेदन तयार गरी तालुक निकायमा पेश गर्ने। साथै कार्यालयको वेभसाईट मार्फत समेत प्रकाशन गर्ने।

३) जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान माहाशाखाले देशभर मध्यम देखि भारी बर्षाका कारण बाढी, पहिरो, चट्याङ लागायत मनसुनजन्य विपदको जोखिमको पूर्वानुमान गरेको हुँदा जिल्ला स्थित सुरक्षा निकाय तथा सबै सरोकारवाला पक्षहरुले आवश्यक पूर्वतयारी सहित सतर्कता अपनाउने।

४) जिल्ला स्थित सबै सरकारी कार्यालय तथा निकायहरुले चौथो त्रैमासिकमा सम्पादन गरेका काम कारवाहीहरुको विवरण समेटिने गरी चौथो त्रैमासिकको स्वतः प्रकाशन तोकिएको समयभित्र कार्यालयको वेभसाईट मार्फत अनिवार्य रुपमा प्रकाशन गरी एक प्रति राष्ट्रिय सूचना आयोग तथा एक प्रति जिल्ला प्रशासन कार्यालयमा पठाउने।

५) जिल्ला स्थित सबै सरकारी कार्यालय तथा निकायहरुले बिनियोजन, राजश्व तथा धरौटीको हिसाव मिलान गरी तोकिएको समयभित्र आन्तरिक लेखा परीक्षणको कार्य सम्पन्न गर्ने।

६) जिल्ला स्थित सबै सरकारी कार्यालय तथा निकायहरुले अर्थ मन्त्रालयको च.नं.१ मिति २०८२/०४/०१ को आर्थिक बर्ष २०८२/०८३ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको कार्यान्वयन गर्ने।

७) राष्ट्रिय सूचना आयोगको च.नं. ४७३ मिति २०८२/०३/२५ को पत्रानुसार आयोगबाट आगामी भाद्र ३ गते राष्ट्रिय सूचना दिवसको अवसरमा सार्वजनिक निकायमा कार्यरत सूचना अधिकारीहरु मध्येबाट छनौट भएका सूचना अधिकारीहरुलाई "उत्कृष्ट सूचना अधिकारी पुरस्कार" बाट पुरस्कृत गरिने भएको हुँदा जिल्ला स्थित सबै सरकारी कार्यालय तथा निकायहरुका सूचना अधिकारीहरुलाई सो सम्बन्धी फारम भर्न लगाई पुरस्कारको लागि राष्ट्रिय सूचना आयोगमा सिफारिस गरी पठाउने र तालुक निकायलाई समेत सोको जानकारी गराउने।

८) गृह मन्त्रालयको च.नं. २४ मिति २०८२/०४/०५ को पत्रमार्फत प्राप्त निर्देशानुसार मनसुनजन्य विपद लगायतका घटनालाई मध्यनजर गर्दै विपद जोखीम न्यूनिकरण तथा खोज, उद्धार र राहतका लागि सरकारी सवारी साधन तथा अत्यावश्यक सेवा एवमं सोसँग सम्बन्धित उपकरण दुरुस्त राख्ने। साथै सम्वद्ध सबै कार्यालय प्रमुखहरु तयारी अवस्थामा रहने र अति जरुरी अवस्थामा प्रमुख जिल्ला अधिकारीको अनुमति वाहेक जिल्ला नछाड्ने।

प्रमुख जिल्ला अधिकारी